नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन एकाइ**
कास्की

Phone: ०६१५३३६१३
Mobile: ९८५६००७१००
९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०७९/०८०
च नं

मितिः२०७९/१२/१६

# कार्यक्रम माग सम्बन्धि सूचना

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कास्कीको चालु आ.व.२०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका क्रियाकलापहरुमा मिति २०७९/१२/१४ गतेको प्राविधिक समितिको बैठकबाट पुनः सूचना निकाल्न सिफारिस भए अनुसार परियोजनाको कार्यक्षेत्रका आ.व.२०७३/७४ देखि हाल सम्म यस कार्यान्वयन एकाइमा सुचिकृत भईसकेका व्यवसायिक तरकारी/अलैंची खेती गर्न इच्छुक कृषक समूह/सहकारी/संस्था र कृषि उद्यमीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात (मिति २०७९ साल चैत्र ३० गते भित्र) यस कार्यान्वयन एकाइमा तोकिएको ढाँचा अनुसार निवेदन दर्ता गर्नुहुन र सुचिकृत हुन छुटेका कृषक समूह/सहकारी/संस्था/समिति र कृषि उद्यमीहरुले अनिवार्य रुपमा यस कार्यालयमा सुचिकृत भई सोहि अवधिभित्र (२०७९/१२/३० सम्म) कार्यक्रम माग गर्नका लागि निवेदन पेश गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ।

क्रियाकलापहरु

| क.स. | क्रियाकलापहरुको नाम | इकाई | परिमाण | बजेट (रु. लाखमा) |
|---|---|---|---|---|
| १. | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | संख्या | १ | २ |
| २. | सिंचाइ पुर्बाधार निर्माण तथा मर्मत सम्भार | संख्या | १ | ५ |
| ३. | सुधारिएको अलैंची भट्टी निर्माण सहयोग अनुदान | संख्या | १ | २.५ |
| ४. | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल बिस्तार (अलैंची) | हे. | २१ | ५.२५ |
| ५. | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | | | |

## निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(१) रु १० को हुलाकको टिकट सहितको निवेदन

(२) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति र कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि

(३) कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमीन) को विवरण वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामा।

(४) निवेदकको नागरीकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

(५) कृषि समूह/सहकारी/संस्था/समितिको कार्यक्रम माग सम्बन्धि सो संस्थाले गरेको निर्णयको प्रतिलिपि।

(६) कार्यालयले उपलब्ध गराएको फाराम अनुसारको प्रस्ताव ।

१२/१६

रोशन अधिकारी
बरिष्ठ कृषि अधिकृत

थप जानकारीको लागि

सम्पर्क: ०६१-४६२४८८,०६१-४६७४४३, ९८५६००७१०१, ९८५६००७१००

इमेल:pmamp.piu.kaski@gmail.com

वेभ पेज:www.piukaski.pmamp.gov.np